धितोपत्र दर्ता तथा निष्काशन नियमावली

२०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. व. २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

Upper Tamakoshi Hydropower Limited

Gyaneshwor, Kathmandu

UNAUDITED 4TH QUARTER STATEMENT OF FINANCIAL POSITION

Amount in NPR

Particulars	As at Ashad End 2082 (Unaudited)	As at Chaitra End 2081 (Unaudited)	As at Ashad End 2081 (Audited)
ASSETS			
Non-Current Assets:			
Property, plant and equipment	76,828,233,395.51	77,466,378,555.57	79,908,013,401.18
Right-of-use Asset	-	1,021,301.93	3,203,128.78
Capital WIP	-	-	43,637,147.78
Capital WIP-Rolwalling	1,855,009,631.65	1,609,952,018.97	1,463,238,034.61
Deferred tax Assets	-	-	-
Total Non-Current Assets	**78,683,243,027.16**	**79,077,351,876.47**	**81,418,091,712.35**
Current Assets:			
Inventories	55,186,106.77	42,733,665.70	237,273,803.62
Cash and cash equivalents	760,052,505.89	548,025,850.25	1,232,808,903.60
Other current assets	4,903,694,652.74	3,229,754,689.85	3,570,783,935.96
Total Current Assets	**5,718,933,265.40**	**3,820,514,205.80**	**5,040,866,643.18**
Total Assets	**84,402,176,292.51**	**82,897,866,082.23**	**86,458,958,355.53**
EQUITY AND LIABILITIES			
Equity:			
Equity share capital	21,180,000,000.00	21,180,000,000.00	21,180,000,000.00
Securities Premium Account	876,420,965.26	913,773,301.13	876,420,965.26
Retained Earnings	(12,453,703,083.25)	(12,184,660,301.99)	(9,881,164,465.11)
Total Equity	**9,602,717,882.01**	**9,909,112,999.14**	**12,175,256,500.15**
Non-Current Liabilities:			
Long Term Loans	69,241,715,951.68	69,797,015,201.36	71,134,732,214.37
Deferred tax liabilities	-	-	-
Total Non-Current Liabilities	**69,241,715,951.68**	**69,797,015,201.36**	**71,134,732,214.37**
Current Liabilities:			
Long Term Loans	2,263,215,762.48	1,707,916,512.80	1,262,080,344.46
Provisions	54,850,428.22	54,989,433.56	93,342,940.40
Short Term Loans	-	-	-
Other Current Liabilities	3,239,676,268.15	1,428,048,272.04	1,790,003,695.01
Lease Liability	-	783,663.37	3,542,661.14
Total Current Liabilities	**5,557,742,458.84**	**3,191,737,881.76**	**3,148,969,641.02**
Total Equity and Liabilities	**84,402,176,292.51**	**82,897,866,082.23**	**86,458,958,355.53**

UNAUDITED 4th QUARTER STATEMENT OF PROFIT OR LOSS

Amount in NPR

Particulars	This Quarter Ending on Ashad 2082 (Unaudited)	Previous Quarter Ending on Chaitra 2081 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Ashad 2081 (Audited)
Revenue from sale of Electricity	6,923,881,508.55	4,270,827,263.15	8,678,538,833.40
Expenses			
Administrative and Project Expenses	(759,169,342.54)	(374,761,100.82)	(836,382,618.82)
Royalty	(179,217,251.70)	(161,232,897.90)	(219,167,372.35)
Foreign Exchange Gain/(Loss)	(25,865,874.54)	1,151,374.09	(18,279,358.99)
Loss on Derecognition of Assets	-	-	(12,600,216.21)
Depreciation	(3,591,628,325.77)	(2,734,886,616.01)	(3,608,842,254.19)
Profit/(Loss) from Operation	**2,368,000,714.00**	**1,001,098,022.51**	**3,983,267,012.84**
Finance Income	24,447,800.73	21,549,525.27	30,780,658.74
Other income	863,719,286.12	979,628,403.97	2,480,153.74
Finance Costs	(5,828,706,418.98)	(4,069,758,111.00)	(6,539,845,831.28)
Profit/(Loss) Before Bonus and Tax	**(2,572,538,618.13)**	**(2,067,482,159.24)**	**(2,523,318,005.96)**
Income Tax	-	-	-
Net Profit	**(2,572,538,618.13)**	**(2,067,482,159.24)**	**(2,523,318,005.96)**

(**नोट:** मिति २०८१।०६।१२ मा माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थलमा आएको पहिरोको कारण विद्युत उत्पादन ८८ दिनसम्म पुर्णरुपमा बन्द भई उक्त अवधिको विद्युत बिक्री आय प्राप्त नभएकोले गत सालको यसै अवधिको तुलनामा विद्युत बिक्री आय घट्न गएको छ । उक्त अवधिको Loss of Revenue को बिमा दावी गरिएको र बिमा दावी बापतको रकम गणनाकोक्रममा रहेकोले अनुमानित दावी रकम अन्य आयमा समावेश गरिएको छ ।)

सम्बन्धित पक्षसंग भएको कारोवार: नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट तथा कम्पनीका संस्थापक शेयरधनीहरु नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय बीमा संस्थानबाट प्राप्त दीर्घकालिन ऋण रु. ४५.५९ अर्ब रहेको छ ।

ख. प्रमुख वित्तीय सूचकहरु

क्र.स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व.को यस त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.)	(१२.१५)	(५.७६)	(११.५१)
२	प्रति शेयर नेटवर्थ (रु.)	४५.३४	४६.७५	५७.४८
३	प्रति शेयर सम्पत्तीको मूल्य (रु.)	३५८.५०	३५१.४०	४०८.२१
४	तरलता अनुपात	१.०३	१.२०	१.६०

२. व्यवस्थापकीय विश्लेषण

मिति २०८१।०६।१० गते साँझ देखि देशव्यापीरुपमा परेको अविरल वर्षाको कारण यस कम्पनी अन्तर्गत सञ्चालित माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थल क्षेत्रमा मिति २०८१।०६।१२ गते दिनको ११ बजेतिर आएको पहिरोको कारण उक्त बाँधस्थलमा रहेको Dam Operation Control Building, Settling Basin, Box Culvert, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरु, ट्रान्समिसन लाइन तथा बाँधस्थल प्रवेश मार्ग लगायतका संरचनाहरूमा क्षति हुन गएकोले माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको विद्युत (४५६ मे.वा) उत्पादन मिति २०८१ पौष ९ सम्म ८८ दिन बन्द भएकोले कम्पनीले आर्थिक क्षति व्होर्नु परेको छ । उक्त पहिरोको कारण क्षति भएको संरचनाहरुमध्येको वायाँपट्टिको Settling Basin मर्मत संभार गरी विद्युत गृह मिति २०८१ पौष ९ गते साँझबाट पहिलो चरणमा दायाँपट्टीको Settling Basin को आंशिक मर्मत संभार गरी दोश्रो चरणमा मिति २०८२/०३/१२ देखि सञ्चालनमा रहेको छ । पहिरोको कारण जलविद्युत केन्द्रको संरचनाहरु तथा विद्युत बिक्री आयमा भएको क्षति सम्बन्धमा बीमा दावी पेश गरेकोमा बीमा कम्पनीद्वारा बीमा दावी रकम गणना गर्ने क्रममा रहेको छ । उक्त पहिरोको कारण क्षति भएको संरचनाहरुको पुर्णरुपमा पुनर्निर्माणको कार्य सम्पन्न गरी पुर्ववत रुपमा विद्युत गृह सञ्चालन गर्न लागेको केही समय लागेकोले आ. व. २०८१।८२ को आयमा असर पर्न गएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए ।

- यस त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्धा दायर नभएको ।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए ।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरु भएको पाइएको छैन ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०८१/८२ को चौथो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोवारको विवरण देहाय बमोजिम रहेको छ ।

शेयरको अधिकतम मुल्य(रु.)	शेयरको न्यूनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
२१६।५०	१९३।००	१९८।५६	६३	४४,६२८

५. समस्या र चुनौती

मिति २०८१।०६।१० गते साँझ देखि देशव्यापीरुपमा परेको अविरल वर्षाको कारण यस कम्पनी अन्तर्गत सञ्चालित माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थल क्षेत्रमा मिति २०८१।०६।१२ गते दिनको ११ बजेतिर आएको पहिरोको कारण उक्त बाँधस्थलमा रहेको Dam Operation Control Building, Settling Basin, Box Culvert, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरु, ट्रान्समिसन लाइन तथा बाँधस्थल प्रवेश मार्ग लगायतका संरचनाहरूमा भएको क्षतिको कारण माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको विद्युत (४५६ मे.वा.) उत्पादन ८८ दिन बन्द रहेकोमा वायाँपट्टिको Settling Basin को मर्मतसम्भार पश्चात मिति २०८१ पौष ०९ देखि पहिलो चरणमा र दायाँपट्टीको Settling Basin को आंशिक मर्मत संभार गरी दोश्रो चरणमा मिति २०८२/०३/१२ देखि संचालनमा रहेको छ । तथापि जलविद्युत केन्द्र पूर्ण रुपमा पुनर्निर्माण गरी यथाशीघ्र पूर्ववत रुपमा संचालनमा ल्याउनु र भविष्यमा पुनः पहिरो बाट क्षति हुन नदिनको लागि उक्त स्थानमा पहिरो रोकथाम तथा व्यवस्थापन गर्नु हालको प्रमुख चुनौती रहेको छ । कम्पनीको ब्याज खर्च, ह्रासकट्टि खर्च तथा अन्य खर्चहरुको न्यूनिकरण तथा विद्युत बिक्री आयको सुनिश्चितता गरी कम्पनीको सफल सञ्चालन तथा वित्तीय स्थिति मजबुत गरी नाफा वृद्धि तथा लगानीकर्ताहरुलाई उचित लाभांशको सुनिश्चितता गर्न कम्पनीको दीर्घकालिन लक्ष्य तथा चुनौती रहेको छ । साथै, दोस्रो चरण अन्तर्गतको रोल्वालिङ्ड डाइभर्शन शिकम सहितको रोल्वालिङ्ड खोला जलविद्युत आयोजना यथाशीघ्र निर्माण सम्पन्न गरी समग्रमा विद्युत बिक्री आय वृद्धि गर्नु पर्ने चुनौती रहेको छ ।

६. संस्थागत सुशासन

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत भई लागु गरिएका छन् । कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । हरेक वर्ष लेखापरीक्षक संस्थाहरुद्वारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गर्ने गरिएको छ । साथै, आयोजना निर्माणसँग सम्बन्धित विभिन्न प्राविधिक, आर्थिक तथा कानूनी विषयहरुमा आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरु सम्मिलित उप समितिहरु गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यान्वयन हुने गरेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरु कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ । मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरु तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरुलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।